पत्र संख्या:०८२/८३
च. न.-

# बडीकेदार गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खड्यौली, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

***आर्थिक वर्ष २०८२/०८३ मा खरिद कार्यमा सहभागि हुन सूचिकृत हुने सूचना***

***सूचना प्रकाशित मिति २०८२/०४/०१***

यस बडीकेदार गाउँपालिकाको लागि आ.व. २०८२।०८३ मा आवश्यक पर्ने सामान तथा सेवा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६(क) तथा सार्वजनिक खरिद नियमावलि २०६४ को नियम १८ (संसोधन सहित) मा भएको कानुनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न ईच्छुक  व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०८१/८२ को व्यवसाय नवीकरण भएको प्रमाणपत्र, करचुक्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर र मूल्य अभिवृर्दि करमा दर्ता भएको प्रमाणपत्र सहित सार्वजनिक खरिद नियमावलि २०६४ को अनुसूचि २(क) बमोजिमको ढाँचामा निवेदन दिन हुन र आ.व. २०८१।०८२ को करचुक्ता प्रमाणपत्र र व्यवसाय नविकरणको प्रमाणपत्रको फोटोकपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ६० दिनभित्र बडीकेदार गाउँपालिका आर्थिक ऐन, २०८२ अनुसार रु १००० वडीकेदार गा.पा. को आन्तरिक राजश्व खातामा जम्मा भएको सक्कलै भौचर पेश गरी नियमानुसार निवेदन दिन हुन जानकारी गराईन्छ ।

शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

खरिद सम्बन्धी काम कार्वाहीको लागि सूचिकृत हुनुपर्ने समूहहरुः

| समूह | सूचिकृत गर्नुपर्ने कार्यहरु | संक्षिप्त व्याख्या |
|---|---|---|
| खरिद तथा आपुर्ति | स्टेशनरी तथा मसलन्द सामानहरु | कार्यालयको दैनिक कामकाजमा प्रयोग हुने पेपर, फाईल, कलम, पेन्सिल, स्टीच जस्ता स्टेशनरी तथा मसलन्द सामानहरु आपुर्ति गर्ने । |
| | छपाई सम्बन्धी कार्यहरु | लेटर प्याड, रजिष्टर, विभिन्न फारामहरु, प्रतिवेदन तथा पुस्तक, पत्रपत्रिका तथा बुलेटिन जस्ता प्रेस सम्बन्धी कार्यहरु । |
| | पत्रपत्रिका तथा पुस्तक सम्बन्धित | प्रकाशित पत्रपत्रिका तथा पुस्तकहरु खरिद तथा एजेन्सि लिई विक्रि वितरण गर्ने सम्बन्धि कार्यहरु । |
| | फर्निचर तथा फिक्चर्स सम्बन्धित | काठ, स्टील तथा प्लास्टिकका फर्निचर र फिक्चर्समा पर्ने सामानहरु आपुर्ति गर्ने सम्बन्धि कार्यहरु । |
| | ईलेक्ट्रोनिक्स उपकरणहरु | टेलिफोन, कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन, फ्याक्स मेसिन, युपिस जस्ता उपकरणहरु । |
| | सवारीसाधन तथा सोका पार्टपुर्जाहरु | मोटरसाईकल, साईकल तथा गाडिका टायर ट्युव तथा अन्य पार्टपुर्जाहरु, आपुर्ति तथा फिटिङ सम्बन्धी कार्यहरु । |
| | मेसिनरी तथा उपकरणहरु | ईलेक्टोनोक्स समूहमा नपरेका अन्य उपकरणहरु सर्भे औजारहरु लगायत विभिन्न मेसिनरी । |
| | विज्ञापन, सूचना, प्रकाशन तथा प्रशारण | रेडियो टेलिभिजन, पत्रपत्रिका वा अन्य माध्यमवाट विज्ञापन तथा सूचनाको प्रकाशन तथा प्रशारण गर्ने गराउने सम्बन्धि कार्यहरु |
| | विधुतीय सामानहरु | हिटर, पंखा, तार, स्वीच, विजुलिका बल्ब, ट्युबलाईट तथा विधुतीकरणका लागि आवश्यक अन्य सामानहरु । |
| | कम्प्युटर तथा सूचना प्रविधि सफ्टवेयर | कार्यालय संचालन तथा सूचना तथ्याङ्क भण्डारण विश्लेषण तथा प्रतिवेदन जस्ता कार्य गर्न निमित कम्प्युटर सफ्टवेयर प्रोग्रामहरुका आपुर्ति सम्बन्धि कार्यहरु । |
| | इन्टरनेट तथा संचार सेवा | सिधै वा अन्य कम्पनिको मध्यस्त भई प्रदान गर्ने ईन्टरनेट सेवा, नोटीस बोर्ड सेवा, टेलिफोन सम्बन्धि कार्यहरु । |
| | औषधि तथा मेडिकल सामाग्रि आपुर्ति | औषधि व्यवस्था विभाग, आयुर्वेद विभाग वा पशु सेवा विभाग जस्ता नियमनकारी निकायबाट स्वीकृत भए बमोजिमका विभिन्न औषधिहरु, सर्जिकल सामानहरु, ल्याव रसायनहरु, जस्ता मेडिकल सामानहरु आपुर्ति सम्बन्धि कार्यहरु । |
| | पशुपंक्षीको दाना आहारा आपुर्ति सम्बन्धि कार्य | भेटनरी, पशु फर्म, अनुसन्धान केन्द्र जस्ता निकायमा रहेका पशुपंक्षी तथा गोडाको दाना वा आहार आपुर्ति सम्बन्धि कार्यहरु । |
| | खानपानी आपुर्ति तथा धारा जडान सम्बन्धि कार्यहरु | मिनरल वाटर(जार तथा बोतल) आपुर्ति, ट्याङकरबाट खानपानी आपुर्ति गर्ने वा खानपानीका लागि ईनार, ट्युबेल, धारा आदि जडान गर्दा गर्नुपर्ने पाईप फिटिङ सम्बन्धि कार्यहरु । |
| | रासन खरिद सम्बन्धि कार्यहरु | खाध्यान्न आपुर्ति गर्नुपर्ने अस्पताल, भेटनरी, कारागार, बालगृह, बृदाश्रम आदिका साथ सुरक्षा निकाय र खाध्यान्न विधा प्राप्त गर्ने निकायका कर्मचारीलाई खाध्यान्न साथै दुध, दहि, घ्यु, तेल जस्ता पेय/ खाध्य सामाग्री आपुर्ति सम्बन्धी कार्यहरु । |
| | इन्धन तथा अन्य ईन्धन आपुर्ति सम्बन्धी कार्य | ग्यास, पेट्रोल, डिजेल, मट्टीतेल, लुब्रिकेन्ट्स, दाउरा, ईन्भर्टर, ब्याट्री, सोलार उपकरणहरु । |
| | लत्ता कपडा तथा ड्रेस आपुर्ति | अस्पताल तथा स्वास्थ्य संस्थामा प्रयोग हुने कपडा तथा निमित झोला(न्यानो झोला समेत), झुल, एप्रान एवम् विभिन्न निकायका ड्रेस, कोट अनुसार आपुर्ति गर्नुपर्ने ड्रेस, सोफाको खोल तथा पर्दाका सामाग्रीहरु । |
| | स्यानेट्री (सरसफाई) का सामानहरु | शौचालय, धारा निर्माण एवम् सरसफाईमा प्रयोग हुने विभिन्न उपकरण तथा सामाग्रीहरु । |
| परामर्श तथा अन्य सेवा | अध्ययन अनुसन्धान तथा अन्य परामर्श सम्बन्धी कार्यहरु | विभिन्न विषयमा हुने ईन्जिनियरिङ्ग सर्वेक्षण, अध्ययन, अनुसन्धान तथा प्रतिवेदन तयार सम्बन्धी कार्यहरु । |
| | सूचना प्रविधि साधनका आवधिक मर्मत तथा मेन्टिनेन्स सम्बन्धी कार्यहरु | हार्डवेयर, सर्भिसिङ, मेन्टिनेन्स सफ्टवेयर कस्टोमाईजेशन, टोनर, रिफिलिङ आदि सम्बन्धि कार्यहरु । |
| | सफ्टेवेयर निर्माण | विभिन्न प्रकारका सफ्टवेयर, एप्लिकेशन तथा वेभसाईट निर्माण सम्बन्धी कार्यहरु । |
| | डोकुमेन्ट्री तथा वृतचित्र निर्माण | सार्वजनिक निकयको काम कार्वाहि झल्कन गरि निर्माण हुन श्रब्य, दृश्य सामाग्री, रेडियो, पत्रिका, टेलिफिल्म वृतचित्र आदि निर्माण गर्न कार्यहरु । |
| | कार्यक्रम व्यवस्थापन | विभिन्न प्रकारका तालिम गोष्ठी, सेमिनार, अन्तर्क्रिया, छलफल तथा बैठकको संचालन व्यवस्थापनमा सहयोग सम्बन्धी कार्यहरु । |
| | हवाई तथा अन्य यातायात (ट्राभल एजेन्सी) | हवाई टिकेट बुकिङ तथा जारी गर्ने तथा अन्य यातायातका सवारी साधनहरुको सेवा उपलब्द गराउने एजेन्सी सम्बन्धी कार्यहरु । |
| | तथ्याङ्क प्रविष्टि तथा अध्यावधिक गर्ने कार्यहरु | अभिलेख व्यवस्थापन तथा सेवा प्रवाहका लागि सार्वजनिक निकायको प्रणालीमा तथ्याङ्क प्रविष्टी गरी अध्यावधिक गर्ने प्रकारका कार्यहरु । |

शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | रंगरोगन तथा सजवट सम्बन्धि कार्यहरु | भवन तथा झ्याल ढोका फर्निचर काठ तथा विभिन्न सरचना र कम्पाउण्डमा रगरोगन गर्न तथा पर्दा काटिङ्ग, फ्लोरिङ्ग आदि सम्बन्धी कार्यहरु । |
| गैरसरकारी संस्थावाट प्रवाह हुने सेवाहरु | चेतना अभिबृदि सम्बन्धी कार्यहरु | नागरिक चेतनाको लागि आयोजना गरिने चेतनामुलक कार्यक्रम, सडक नाटक, सार्वजनिक सुनुवाई जस्ता कार्यहरु । |
| | अभिमुखिकरण, सवलिकरण, मुल प्रबाहिकरण जस्ता कार्यहरु | साक्षरता कक्षा, महिला, पिछडिएका वर्ग, जनजाती तथा समुदायको शसक्तिकरण एव मुल प्रवाहिकरणका लागि सचालन हुन भेला, प्रशिक्षिण, गोष्ठी, तालिम आदि कार्यहरु । |
| | वन तथा वातावरण संरक्षण, प्रवर्दन गरि स्थानीय स्तरमा हुने निर्माण सम्बन्धी कार्यक्रमहरु | वृक्षारोपण, विरुवा उत्पादन, वनजंगल तथा वन्यजन्तुको संरक्षण, डढेलो नियन्त्रण, हरित विकास कार्यन्वयन जस्ता कार्यकर्महरु । |
| | जनसहभागिता प्रवद्रन गरि स्थानीय स्तरमा हुने निर्माण सम्बन्धी कार्यहरु | जनसहभागिता परिचालन गरी निर्माण हुने साना सिंचाइ, तटबन्धन, ग्रामिण सडक निर्माण, सामुदायिक भवन निर्माण जस्ता स्थानीय स्तरमा हुने निर्माण कार्यकर्महरु । |
| निर्माण व्यवस्थापन | सार्वजनिक निर्माण/मर्मत सम्बन्धी कार्यहरु | भवन,सडक, सिंचाइ, तटबन्धन, खानेपानी योजना जस्ता नया सरचनाहरु निर्माण तथा निर्माणको हैसियतमा मर्मत सम्भार गर्नुपर्ने सम्बन्धी कार्यहरु । |
| | नर्सरी निर्माण तथा बिरुवा उत्पादन र आपुर्ति | काँडेतार, पोलिथिन व्याग, बिउ, औजार, माटो तथा मल आदि र उत्पादित विरुवा सम्बन्धी कार्यहरु । |
| अन्य | अन्य सामाग्री तथा सेवाहरु | माथिका समूह तथा उपसमूहमा नपरेका र खरिद गर्नु अघि सूचीकृत गर्नुपर्ने प्रकारका वस्तु सामाग्री वा सेवाहरु यस समूहमा नपरेका सूचिकृत हुने वा गराउने निकायको सम्बन्धित सेवा । |

शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

बडीकेदार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डौली, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

मितिः ..................................................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बडीकेदार गाउँपालिका, डोटी ।

***<u>विषयः मौजुदा सूचीमा दर्ता गरी पाउँ ।</u>***

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम १ बमोजि तपसिलमा उल्लेखित विवरण अनुसारको पुष्ट्याई गर्ने कागजात संलग्न गरी मौजुदा सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको छु ।

१. मौजुदा सुचीको लागि निवेदन दिने व्यक्ति, संस्था, आपुर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको विवरणः

| | |
|---|---|
| नामः | ठेगानाः |
| पत्राचार गर्ने ठेगानाः | मुख्य व्यक्तिको नामः |
| टेलिफोन नम्बरः | मोबाईल नम्बरः |

२. मौजुदा सूचीमा दर्ता हुनको लागि निम्न बमोजिमको प्रमानपत्र संलग्न गर्नुहोला ।

| | | |
|---|---|---|
| संस्था वा फर्म दर्ताको प्रमाणपत्र | छ | छैन |
| नविकरण गरिएको | छ | छैन |
| मुल्य अभिबृर्दि कर वा स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र | छ | छैन |
| कर चुक्ताको प्रमाणपत्र | छ | छैन |
| कुन खरिदको लागि मौजुदा सूचिमा दर्ता हुन निवेदन दिने हो, सो कामको लागि इजाजत पत्र आवश्यक पर्ने भएमा सो को प्रतिलिपि | छ | छैन |

३. सार्वजनिक निकायबाट हुने खरिदको लागि दर्ता हुन चाहेको खरिदको प्रकृतिको विवरणः

| | | | |
|---|---|---|---|
| मालसामान आपुर्तिः | | निर्माण कार्यः | |
| परामर्श सेवाः | | अन्य सेवाः | |
| निवेदन दिएको मितिः | | निवेदकको नामः | |
| आ.व. | | हस्ताक्षरः | |

फर्मको छाप